नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग

सिंहमहल, थापाथली, काठमाडौं
फोन : ४२४२१२७, ४१०१७२९
फ्याक्स : ९७७ १ ४२४९५४१
E-mail : nrbcmd@nrb.org.np
Web Sites : www.nrb.org.np
पोष्ट बक्स : ३५९

पत्र संख्या : मु.व्य.वि./सफा नोट/परिपत्र/१/०७५/७६ मितिः २०७५/४/२३

इजाजतपत्र प्राप्त “क”, “ख”, “ग”, र “घ” वर्गका बैंक तथा वित्तीय संस्थाका सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृत ।

**विषय : नेपाली नोटमा लेख्न वा कोर्न नहुने सम्बन्धमा ।**

महाशय,

मिति २०७५ भदौ १ गते देखि लागू हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद - २२, मुद्रा सम्बन्धी कसूर अन्तर्गतको दफा २६३ को उपदफा (२) मा कसैले बैंक नोटमा लेख्न वा कोर्न हुँदैन र सोही दफाको उपदफा (३) मा उपदफा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयासम्म जरिबाना हुनेछ भन्ने व्यवस्था भएको हुँदा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृतले आफू तथा आफू मातहतका कर्मचारीहरूलाई उपरोक्त कानूनी व्यवस्था अनुसार बैंक नोटमा लेख्न/कोर्न नहुने व्यवस्था मिलाउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
(९) श्री डेभेलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१०) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार, काठमाण्डौ ।
(११) श्री नेपाल लघुवित्त बैंकर्स एसोसिएसन, काठमाण्डौ ।